एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय**
पोखरा-२५, मिलनचोक, हेम्जा, कास्की
फोन : ०६१-४००४२७, ४००४७७
इमेल : gsd@nmbmicrofinance.com
वेभसाइट : www.nmbmicrofinance.com


# ट्याबलेट (Tablet) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/०९/०७)**

यस लघुवित्त वित्तीय संस्था लि.को शाखा कार्यालयहरुको कारोवारलाई डिजिटाइजेशन (Digitization) गर्नको लागि केही ट्याबलेटहरु (Tablets) खरिद गर्नु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/संस्था वा सप्लायर्सहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT), स्थायी लेखा नम्बर (PAN) र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपी र दरभाउपत्र दस्तुर रु.५,०००।- (पाँच हजार मात्र) निवेदन साथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट उपलब्ध गराइने छ । सिलबन्दी प्रस्तावमा बिक्री पछिको सेवा, आपूर्ति गर्ने अवधि, डेलिभरी सेवा, वारेन्टि, ग्यारेन्टी लगायतका जानकारी समेत अनिवार्य समावेश गर्नुहुन जानकारी गराइन्छ ।

२) खरिद गरिएका दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी दर्ता गराउनु पर्नेछ ।

३) दरभाउपत्र फारमसाथ प्रस्ताव गरिएको कुल लागतको ५ प्रतिशत रकम धरौटी वापत यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाको नाममा एनएमबि बैंक लि., हेम्जा शाखा, पोखरामा रहेको खाता नं. १२५०० ९५३४०६०००११ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको नेपालको "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

४) बोलपत्रदाताले आफुले आपूर्ति गर्न चाहेको ट्याब्लेटको प्राबिधिक तथा कार्यसम्पादन परीक्षण गराउन १ थान नमुना पेश गर्नु पर्नेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि सिलबन्दी दरभाउपत्र फारामहरु खोल्न बाधा पर्ने छैन । फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र फारम दस्तुर रकम फिर्ता हुने छैन । दरभाउपत्रमा प्रत्येक आईटमको दररेट भ्याट बाहेक अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । मूल्य भुक्तानीमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम कुनै कर लाग्ने भएमा सो कट्टा गरी भुक्तानी गरिनेछ ।

७) ट्याबलेटहरु (Tablets) को स्पेशिफिकेशन र दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी फाराममा उल्लेख गरे बमोजिम हुनेछन् । अन्य कुराहरु यस लघुवित्त वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली, २०६९ (संसोधन सहित) बमोजिम हुनेछन् ।

८) दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि यस एनएमबि लघुवित्त वित्तीय संस्था लि. को केन्द्रीय कार्यालय, पोखरा-२५, हेम्जा, कास्कीको सम्पर्क नं. ०६१-४००४२७, ४००४७७, सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र नं. | आवश्यक सामानको विवरण | आवश्यक सामानको स्पेशिफिकेशन | आवश्यक संख्या |
|---|---|---|---|
| १/०६६/०६७ | ट्याबलेटहरु (Tablets) | **Brand Features :** Printer, Biometric, **Screen Size :** 7/8 inch., **Processor** : 1.5 GHZ, **Ram** : 1.5 GB, **ROM** : 16 GB, **Battery** : 4000 mah, **Camera** : 5 MP, 2 MP, **Network** : 2G/3G/4G | २६९ |